सन्धिखर्क नगरपालिका

सामुदायिक विद्यालय प्रधानाध्यापक व्यवस्थापन कार्यविधि, २०८३

प्रस्तावना

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८, शिक्षा नियमावली, २०५९ को नियम ९३, सन्धिखर्क नगरपालिका शिक्षा ऐन, २०७४ को दफा ४३ को उपदफा (१) र सन्धिखर्क शिक्षा नियमावली, २०७५ को परिच्छेद ९ नियम ४३ तथा प्रचलित कानुन बमोजिम सन्धिखर्क नगरपालिकामा सञ्चालित सामुदायिक विद्यालयहरूको शैक्षिक प्रशासनलाई थप व्यवस्थित र प्रभावकारी बनाई शैक्षिक गुणस्तर अभिवृद्धि गर्न योग्य, सक्षम तथा नेतृत्वदायी प्रधानाध्यापक छनोट, नियुक्ति, कार्यसम्पादन करार तथा अनुगमनलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन वाञ्छनीय भएकाले सन्धिखर्क नगरपालिकाको नगर कार्यपालिकाले यो कार्यविधि जारी गरी लागू गरेको छ।

परिच्छेद—१

संक्षिप्त नाम र प्रारम्भ

(१) संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम "सामुदायिक विद्यालय प्रधानाध्यापक व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि सन्धिखर्क नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

(२) परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

(क) "नगरपालिका" भन्नाले सन्धिखर्क नगरपालिका सम्झनुपर्छ।

(ख) "प्रमुख" भन्नाले नगरपालिकाको नगर प्रमुख सम्झनुपर्छ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(घ) "शाखा" भन्नाले नगरपालिकाको शिक्षा सम्बन्धी काम गर्ने शाखा सम्झनुपर्छ।

(ङ) "शिक्षा समिति" भन्नाले नगरपालिकाको नगर शिक्षा समिति सम्झनुपर्छ।

(च) "शाखा प्रमुख" भन्नाले शिक्षा सम्बन्धी काम गर्ने शाखाको प्रमुखको जिम्मेवारी तोकिएको कर्मचारी सम्झनुपर्छ।

(छ) "शिक्षा नियमावली" भन्नाले शिक्षा नियमावली, २०५९ (संशोधनसहित) सम्झनुपर्छ।

(ज) "विद्यालय" भन्नाले सामुदायिक विद्यालय सम्झनुपर्छ।

(झ) "व्यवस्थापन समिति" भन्नाले सामुदायिक विद्यालयको व्यवस्थापन समिति सम्झनुपर्छ।

(ञ) "सम्बन्धित तह" भन्नाले आधारभूत वा माध्यमिक तह सम्झनुपर्छ।

(ट) "प्रधानाध्यापक" भन्नाले सामुदायिक विद्यालयमा शिक्षा नियमावलीको नियम ९३ तथा सन्धिखर्क नगरपालिकाको सामुदायिक विद्यालयको प्रधानाध्यापक छनोट तथा व्यवस्थापन कार्यविधि, २०८३ अनुसार नियुक्त प्रधानाध्यापक सम्झनुपर्छ।

(ठ) "छनोट समिति" भन्नाले प्रधानाध्यापक छनोटको लागि यसै कार्यविधि अनुसार गठित दफा (१०) बमोजिमको समिति सम्झनुपर्छ।

(ड) "विद्यालय विकास प्रस्ताव" भन्नाले उम्मेदवारले पेश गरेको विद्यालय विकास सम्बन्धी कार्ययोजना सम्झनुपर्छ।

(३) प्रधानाध्यापक छनोट सम्बन्धी व्यवस्था:

(१) विद्यालयमा प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रूपमा काम गर्न प्रत्येक विद्यालयमा एक जना प्रधानाध्यापक रहनेछ।

(२) विद्यालयको प्रधानाध्यापक पद रिक्त भएमा वा प्रधानाध्यापकको पदावधि पूरा भएको वा हुने अवस्था आएमा नगरपालिकाले प्रधानाध्यापक छनोटको लागि सात दिनको सूचना प्रकाशन गरी दरखास्त आह्वान गर्नेछ। तर प्रथम पटक प्रधानाध्यापक छनोटका लागि एकमुष्ट विज्ञापन गर्न यस दफाले बाधा पुऱ्याउने छैन।

(३) आधारभूत तहको प्रधानाध्यापक पदका लागि स्नातक उत्तीर्ण गरी सम्बन्धित विद्यालयको सम्बन्धित तहको स्थायी शिक्षक, माध्यमिक तहको प्रधानाध्यापक पदका लागि स्नातकोत्तर उत्तीर्ण गरी सम्बन्धित विद्यालयको सम्बन्धित तहमा कार्यरत स्थायी शिक्षक उम्मेदवार हुन सक्नेछ।

तर प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी कम्तीमा पाँच वर्ष स्थायी सेवा गरेको शिक्षक आधारभूत तहको प्रधानाध्यापक पदमा उम्मेदवार हुन तथा स्नातक वा सो सरह उत्तीर्ण गरी कम्तीमा पाँच वर्ष स्थायी सेवा गरेको शिक्षक माध्यमिक तहको प्रधानाध्यापक पदमा उम्मेदवार हुन बाधा पुग्ने छैन।

(४) उपदफा ३) मा जुनसुकै कुरा लेखिएको भए तापनि दरखास्त दिन सम्बन्धित विद्यालयको सम्बन्धित तह र योग्यताका स्थायी शिक्षक उपलब्ध हुन नसकेमा नगरपालिका क्षेत्रभित्रका

अन्य विद्यालयहरूका योग्यता पुगेका शिक्षकहरूले समेत निवेदन दिन सक्नेछन्। तर कार्यरत विद्यालयमा प्रधानाध्यापक पदमा कार्यरत रहेको सोही तहको शिक्षकले उम्मेदवार हुन चाहेमा सोही विद्यालयमात्र दरखास्त दिनपाउनेछ। यसरी विज्ञापन गर्दा समेत दरखास्त नपरेमा नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा कार्यरत सम्बन्धित तहको योग्यता पुगेको स्थायी शिक्षकहरूमध्येबाट नगर शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले विद्यालयमा प्रधानाध्यापकको कामकाज गर्ने गरी खटाउनेछ। शिक्षकले प्रधानाध्यापकको रूपमा हाजिर भएपछि खटाइएको विद्यालयको लागि विद्यालय विकास प्रस्ताव पेश गरी कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेछ।

(५) प्रधानाध्यापक नियुक्तिका लागि यस कार्यविधि बमोजिम प्रक्रिया पूरा गरी छनोट प्रक्रियामा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने शिक्षकलाई छनोट समितिले नियुक्तिका लागि नगर शिक्षा समिति समक्ष सिफारिस गर्नेछ।

(६) उम्मेदवारहरूमध्ये प्रधानाध्यापकको पदमा नियुक्तिको लागि सिफारिस गर्दा ६० अङ्क वा सोभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई मात्र छनोट समितिले प्रधानाध्यापक नियुक्तिका लागि सिफारिस गर्नुपर्नेछ।

(७) अनुसूची -२ को आधारमा मूल्याङ्कन गर्दा कुनै पनि उम्मेदवारले ६० अङ्क प्राप्त नगरेमा प्रधानाध्यापक छनोटको लागि सिफारिस गर्न छनोट समिति बाध्य हुने छैन।

(८) शाखा प्रमुखले नगरकार्यपालिकाको निर्णय बमोजिम नियुक्त हुने प्रधानाध्यापकसँग कार्यसम्पादन करार सम्झौता गरी अनुसूची-४ को ढाँचामा प्रधानाध्यापक पदमा नियुक्त गर्नेछ।

(९) सम्पूर्ण प्रक्रिया पूरा गरी नियुक्त भएको प्रधानाध्यापकले उक्त पदमा रही कार्यसम्पादन गर्न असमर्थ रहेको कारणसहित राजीनामा दिएमा विद्यालय व्यवस्थापन समितिले त्यसको जानकारी शाखालाई दिनुपर्नेछ।

(१०) माथि जुनसुकै कुरा लेखिएको भए तापनि सन्धिखर्क नगरपालिका अन्तर्गतका विद्यालयमा प्रधानाध्यापक नियुक्ति गर्दा सोही विद्यालयभन्दा अन्य विद्यालयबाट प्रधानाध्यापकको पदमा शिक्षक ल्याउनुपर्ने अवस्थामा उक्त विद्यालयमा प्रधानाध्यापक नियुक्ति भएको विद्यालयबाट नगर शिक्षा समितिले उपयुक्त ठानेको शिक्षक पठाउन बाधा पर्ने छैन।

(४) प्रधानाध्यापकको पदावधिः

(१) प्रधानाध्यापकको पदावधि पाँच वर्षको हुनेछ।

(२) पदावधि समाप्त भएको प्रधानाध्यापक यस कार्यविधि बमोजिम छनोट भएमा पुनः प्रधानाध्यापक पदमा नियुक्त हुन सक्नेछ।

(३) कुनै कारणले प्रधानाध्यापकको पद रिक्त भएमा उक्त विद्यालयमा कार्यरत शिक्षकहरूमध्ये माथिल्लो तह र श्रेणीका वरिष्ठतम स्थायी शिक्षकले स्वतः निमित्त प्रधानाध्यापक भई काम गर्नुपर्नेछ। तर ६ महिनाभन्दा बढी निमित्त भई काम गर्न पाइने छैन। त्यसअघि नै प्रधानाध्यापक नियुक्तिको लागि विज्ञापन गरी छनोट गर्नुपर्नेछ। शिक्षकको वरिष्ठता निर्धारण गर्दा देहायका आधारमा गरिनेछः

(क) सम्बन्धित तह र श्रेणीको स्थायी नियुक्तिको आधारमा,

(ख) खण्ड (क) को आधारमा वरिष्ठता नछुट्टिएमा सोभन्दा तल्लो तह वा श्रेणीको स्थायी नियुक्तिको आधारमा,

(ग) खण्ड (क) र (ख) को आधारमा पनि वरिष्ठता नछुट्टिएमा खण्ड (क) को सिफारिस योग्यताक्रमको आधारमा। तर खुला प्रतियोगिता, आन्तरिक प्रतियोगिता र कार्यक्षमताको मूल्याङ्कनबाट एउटै मितिमा बढुवा भएको भए क्रमशः आन्तरिक प्रतियोगिता, कार्यक्षमता र खुलाको क्रमलाई मान्यता दिइनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयमा प्रधानाध्यापकको पदावधि बाँकी छँदै अध्ययन विदा स्वीकृत भएको, काजमा खटिएको वा बिरामी भई विदा लिएको अवस्थामा निमित्त प्रधानाध्यापक हुन बाधा पुग्ने छैन।

(५) प्रधानाध्यापकलाई पदबाट हटाउन सकिनेः

(१) प्रधानाध्यापकलाई देहायको अवस्थामा पदबाट हटाउन सकिनेछः

(क) कार्यसम्पादन करार बमोजिम काम नगरेमा,

(ख) कार्यसम्पादन सन्तोषजनक नभएमा,

(ग) खराब आचरण देखिएमा।

(२) शाखाले प्रत्येक वर्ष तोकिएको सूचकको आधारमा प्रधानाध्यापकको कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्नेछ। त्यसरी मूल्याङ्कन गर्दा कम्तीमा ५० प्रतिशत अङ्क प्राप्त नगर्ने प्रधानाध्यापकको

हकमा शाखाबाट पेश गरेको प्रतिवेदनको आधारमा शिक्षा समितिको सिफारिस बमोजिम नगरकार्यपालिकाले निजलाई जुनसुकै बेला प्रधानाध्यापक पदबाट हटाई प्रधानाध्यापक नियुक्तिको लागि विज्ञापन गर्नुपर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफा बमोजिम प्रधानाध्यापक पदबाट हटाउनुअघि निजलाई सफाइ पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन।

(४) यस कार्यविधि बमोजिम नियुक्त प्रधानाध्यापकलाई संघ, प्रदेश र स्थानीय सरकारबाट प्राप्त हुने सेवा सुविधा उपलब्ध गराइनेछ।

(६) प्रधानाध्यापकको काम, कर्तव्य र अधिकारः प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विद्यालयमा शैक्षिक वातावरण, गुणस्तर, अनुशासन कायम राख्ने।

(ख) विद्यालयका शिक्षक तथा कर्मचारीहरूसँग समन्वय गरी शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावकहरूबीच पारस्परिक सहयोगको वातावरण सिर्जना गर्ने।

(ग) विद्यालयमा अनुशासन, सदाचार र शिष्टता कायम गर्न आवश्यक कार्य गर्ने।

(घ) शिक्षकहरूसँग परामर्श गरी विद्यालयमा कक्षा सञ्चालन सम्बन्धी कार्यक्रम तयार गर्ने तथा त्यस्तो कार्यक्रम बमोजिम कक्षा सञ्चालन भए/नभएको निरीक्षण गर्ने।

(ङ) विद्यालयमा सरसफाइ, सहक्रियाकलाप र अतिरिक्त क्रियाकलाप आदिको व्यवस्था गर्ने गराउने।

(च) विद्यालयको प्रशासनिक कार्य सञ्चालन तथा नियन्त्रण गर्ने।

(छ) विद्यालयमा विद्यार्थी भर्ना गर्ने तथा परीक्षा सञ्चालन गराउने।

(ज) विद्यार्थीलाई स्थानान्तरण तथा अन्य प्रमाणपत्र दिने।

(झ) विद्यालयमा भएका महत्वपूर्ण काम कारवाहीको अभिलेख राख्ने।

(ञ) कुनै शिक्षकले जानीजानी वा लापरवाहीका साथ कुनै काम गर्दा विद्यालयलाई हानि-नोक्सानी पुगेमा त्यस्तो हानि-नोक्सानीको रकम तलबबाट कट्टा गरी असुल गर्ने।

(ट) विद्यालयले आफ्नै स्रोतमा नियुक्त गरेका शिक्षक वा कर्मचारीले पदीय जिम्मेवारी पूरा नगरेमा व्यवस्थापन समितिको सिफारिस बमोजिम अवकाश लगायतका अन्य विभागीय कारवाही गर्ने।

(ट) शिक्षक तथा कर्मचारीलाई दिइएको सजायको अभिलेख राख्ने तथा त्यस्तो अभिलेख नगरपालिकाको शिक्षा शाखालाई जानकारी गराउने।

(ठ) शिक्षक तथा कर्मचारीहरूको आचरण र कार्यसम्पादन करार गर्ने, त्यसको प्रतिवेदन व्यवस्थापन समिति र नगरपालिकाको शिक्षा शाखामा पेश गर्ने।

(ड) शिक्षकलाई सजाय वा पुरस्कार दिने सम्बन्धमा व्यवस्थापन समिति र नगरपालिकालाई सिफारिस गर्ने।

(ण) महिनामा कम्तीमा एक पटक शिक्षकहरूको बैठक बोलाई विद्यालय सम्बन्धी विषयमा छलफल गरी त्यसको अभिलेख राख्ने।

(त) नगरपालिकाबाट नियुक्ति तथा पदस्थापना, सरुवा वा कामकाजमा आएका शिक्षक तथा कर्मचारीहरूलाई हाजिर गराई तह अनुसारको शिक्षण सिकाइ तथा जिम्मेवारीमा खटाउने र अन्य विद्यालयमा पठाउने गरी निर्णय भई आएमा प्रचलित कानुन बमोजिम रमाना दिई पठाउने।

(थ) नगरपालिकाबाट पूर्वस्वीकृति लिई अति आवश्यक भएका विषयमा विद्यालय व्यवस्थापन समितिको निर्णय गराई विद्यालयको स्रोतबाट तलब-भत्ता खाने गरी नियुक्त भएका शिक्षक तथा कर्मचारीहरूको तलब सम्बन्धी प्रतिवेदन पारित गर्न व्यवस्थापन समितिमा पेश गर्ने।

(द) विद्यालय हाताभित्र तथा छात्रावासभित्र कुनै किसिमको अनैतिक व्यवहार हुन नदिने।

(ध) विद्यालयको वार्षिक, अर्धवार्षिक योजना बनाई व्यवस्थापन समितिबाट पारित गरी कार्यान्वयनका लागि आवश्यकता अनुसार जिम्मेवार तोकी कार्य गर्ने गराउने।

(न) विद्यालयमा अध्ययन-अध्यापन सम्बन्धी मासिक, अर्धवार्षिक तथा वार्षिक कार्यक्रम बनाई कार्यान्वयन गर्ने गराउने।

(प) विद्यालय स्रोतबाट नियुक्त शिक्षक तथा कर्मचारीको आचरण लगायत कार्यशैलीप्रति एक पटकभन्दा बढी अभिभावकबाट लिखित गुनासो आएमा निजलाई छानबिन गरी बरखास्तसम्मको कारवाही गर्न विद्यालय व्यवस्थापन समितिबाट निर्णय गराउने।

(फ) शिक्षकलाई तालिममा पठाउन व्यवस्थापन समितिबाट अनुमोदन गराई नगरपालिकाको शिक्षा शाखामा पठाउने।

(ब) विद्यालयमा नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक मात्र लागू गर्ने।

(भ) व्यवस्थापन समितिले दिएको निर्देशन तथा प्रचलित कानुन बमोजिम रकम खर्च गर्ने, आय-व्ययको हिसाब राख्ने तथा राख्न लगाउने।

(म) विद्यालयमा सञ्चालन हुने आवधिक परीक्षा नियमित तथा मर्यादित ढङ्गबाट नगरपालिकाले दिएको समयतालिका अनुसार सञ्चालन गर्ने गराउने साथै शिक्षण सिकाइमा सुधार ल्याउन सूचना प्रविधिको प्रयोग गर्न सबै शिक्षकलाई निर्देशन दिनुका साथै सोही अनुसारको वातावरण निर्माण गरी सोही अनुसार कार्य गरे नगरेको अनुगमन गरी सोको प्रतिवेदन शिक्षा शाखामा समय-समयमा पेश गर्ने।

(य) कुनै शिक्षकले अध्यापन गरेको विषयमा लगातार तीन वर्षसम्म पन्ध्र प्रतिशतभन्दा बढी विद्यार्थी असफल भएमा वा कुनै शिक्षकले लापरवाही वा अनुशासनहीन कार्य गरेमा त्यस्तो शिक्षकको दुई वर्षसम्म तलबवृद्धि रोक्का गर्ने।

(र) विद्यालयमा दैनिक रूपमा शिक्षा ऐन, नियमावली र नगरपालिकाबाट निर्देशन भए बमोजिम कक्षा लिने तथा लिन लगाउने।

(ल) नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा नियुक्त भई कार्यरत रहेका शिक्षकहरूको तलबी प्रतिवेदन पारित गर्न स्थानीय तहमा पठाउने।

(व) आफ्नो मातहतका शिक्षक तथा कर्मचारीहरूको काम र कर्तव्य तोक्ने।

(श) नगरपालिकाको शिक्षा शाखा तथा व्यवस्थापन समितिले दिएका निर्देशनको पालना गर्ने गराउने।

(ष) विद्यालयको शैक्षिक प्रगति सम्बन्धी विवरण तथा तथ्याङ्क मन्त्रालयद्वारा निर्धारित ढाँचा र समयभित्र व्यवस्थापन समितिबाट प्रमाणित गराई स्थानीय तहमा पठाउने।

(स) विद्यालयको आफ्नै स्रोतबाट खर्च वेहोर्ने गरी नियुक्त भएका शिक्षकहरूको कार्यसम्पादन मूल्याङ्कन फारम भरी व्यवस्थापन समितिमा पेश गर्ने।

(ह) विद्यालयका शिक्षक तथा कर्मचारीको समयमै कार्यसम्पादन मूल्याङ्कन फारम भरी सम्बन्धित निकायमा पेश गर्ने।

(क्ष) विद्यालयका शिक्षक तथा कर्मचारीको सम्पत्ति विवरण फारम निर्धारित समयमा विद्यालयमा दर्ता गरी सम्बन्धित निकायमा पेश गर्न लगाउने।

(त्र) व्यवस्थापन समितिबाट स्वीकृत खरिद योजना अनुसारका मालसामान तथा परामर्श सेवा खरिद गर्ने र जिन्सी दाखिला गराई समयमै सामाजिक परीक्षण गराउने।

(ज्ञ) शिक्षक तथा कर्मचारीबाट कट्टी गरेको कोषकट्टी रकम तथा राजस्व सम्बन्धित निकायमा जम्मा गर्न लगाउने।

(७) सहायक प्रधानाध्यापक सम्बन्धी व्यवस्था:

(१) माध्यमिक तह सञ्चालन भएको विद्यालयमा प्रधानाध्यापकलाई सहयोग पुऱ्याउन विद्यालयमा कार्यरत माध्यमिक तहका शिक्षकहरूमध्येबाट व्यवस्थापन समितिले एक जनालाई सहायक प्रधानाध्यापकको जिम्मेवारी तोक्न सक्नेछ। विद्यालय व्यवस्थापन समितिले ज्येष्ठता र कार्यसम्पादनलाई छनोटमा प्राथमिकता दिन सक्नेछ।

(८) दरखास्त दिँदा पेश गर्नुपर्ने कागजात:

(१) उम्मेदवारले हस्तलिखित निवेदन (तोकिएको ढाँचामा) सहित देहायका प्रमाणित कागजातहरु तोकिएको ढाँचामा नगरपालिकाको शिक्षा शाखामा सिलवन्दी गरी पेश गर्नुपर्नेछ:

(क) नेपाली नागरिकताको प्रतिलिपि,

(ख) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र, माथिल्लो योग्यताको प्रमाणपत्र,

(ग) स्थायी नियुक्तिपत्र, बढुवा नियुक्ती पत्र

(घ) सेवा अवधि खुलेको विवरण,

(ङ) विद्यालय विकास प्रस्ताव (तोकिएको ढाँचामा),

(च) तालिम तथा अनुभवका प्रमाणपत्र,

(छ) व्यक्तिगत विवरण।

परिच्छेद–४

प्रधानाध्यापक छनोट मापदण्ड र आधार

(९) मूल्याङ्कनका आधार:

नगरपालिकामा सञ्चालित सामुदायिक विद्यालयमा प्रधानाध्यापकको छनोट गर्दा समितिले देहाय बमोजिमको आधारमा मूल्याङ्कन गर्नेछ:

सि. नं.		छनोटका आधार	अङ्क	अङ्क विभाजनका आधार	कैफियत
१		शैक्षिक योग्यता			
	क	न्यूनतम शैक्षिक योग्यता	१५	• १० वर्षभन्दा कम स्थायी सेवा भएका उम्मेदवारहरूको हकमा माध्यमिक तहका लागि स्नातकोत्तर र आधारभूत तहका लागि स्नातक। यी उम्मेदवारहरूका लागि प्रथम श्रेणीको लागि १५ अङ्क, तीय श्रेणीको लागि १३ अङ्क र तृतीय श्रेणीको लागि ११ अङ्क • १० वर्षभन्दा बढी सेवा अवधि भएकाहरूका हकमा माध्यमिक तहका लागि स्नातक वा सो सरह र आधारभूत तहका हकमा प्रमाणपत्र तह वा सो सरह। यी उम्मेदवारहरूका लागि प्रथम श्रेणीको लागि १० अङ्क, द्वितीय श्रेणीको लागि ८ अङ्क र तृतीय श्रेणीको लागि ६ अङ्क	
	ख	माथिल्लो शैक्षिक योग्यता	१०	• १० वर्षभन्दा कम स्थायी सेवा भएका उम्मेदवारहरूको हकमा माध्यमिक तहका लागि एमफिल र आधारभूत तहका लागि स्नातकोत्तर • १० वर्षभन्दा बढी सेवा अवधि भएकाहरूका हकमा माध्यमिक तहका लागि स्नातकोत्तर वा सो सरह र आधारभूत तहका हकमा स्नातक वा सो सरह • प्रथम श्रेणीको लागि १० अङ्क, द्वितीय श्रेणीको लागि ८ अङ्क र तृतीय श्रेणीको लागि ६ अङ्क।	

२		शिक्षण अनुभव	२५	• प्रति वर्ष प्रथम श्रेणीको भए २।५ अङ्कका दरले, द्वितीय श्रेणीको भए २ अङ्कका दरले र तृतीय श्रेणीको भए १।५ अङ्कका दरले बढीमा २५ अङ्क • महिलाको हकमा २५ अङ्क ननाघ्ने गरी बीस प्रतिशत अङ्क थप गरिनेछ।	
३		तालिम			
	क	शैक्षिक तालिम	१०	• प्रथम श्रेणीको भए १० अङ्क, द्वितीय श्रेणीको भए ८ अङ्क र तृतीय श्रेणीको भए ६ अङ्क दिइनेछ। श्रेणी नखुलेको तालिमलाई द्वितीय श्रेणीको अङ्क दिइनेछ।	
	ख	विद्यालय व्यवस्थापन तालिम	२	• एकमुष्ट २ अङ्क	
४	क	अध्यापन गरेको विषयमा प्राप्त नतिजा	१२	• पछिल्लो तीन वर्षको प्रति शैक्षिक सत्र बढीमा चार अङ्कका दरले • यसको गणना गर्दा अध्यापन गरेको विषयको कक्षागत औसत उत्तीर्ण प्रतिशतलाई सम्बन्धित विषयको नगरपालिकाको औसत उत्तीर्ण प्रतिशतले भाग गरी ४ ले गुणा गरी हुन आउने अङ्क	
५		विद्यालय विकास प्रस्ताव		विद्यालय विकास प्रस्ताव मुल्याङ्कन समितिबाट भएबमोजिम	
	क	विद्यालय विकास प्रस्तावको मूल्याङ्कन	१०	• विद्यालय विकास प्रस्तावको मूल्याङ्कनका आधार क) वर्तमान शैक्षिक र आर्थिक अवस्था, ख) विद्यालयले हासिल गर्नुपर्ने अपेक्षित उपलब्धि, ग) वर्तमान अवस्था र अपेक्षित उपलब्धिका सूचकगत अन्तर, घ) अपेक्षित उपलब्धि हासिल गर्ने स्रोत पहिचानसहितको कार्ययोजना, ङ) कार्ययोजनाको मूल्याङ्कनका सूचकहरू • प्रस्ताव बापत अङ्क प्रदान गर्दा ८० प्रतिशतभन्दा बढी र ४० प्रतिशतभन्दा कम अङ्क दिनुपरेमा सोको पुष्टयाईं समेत दिनुपर्नेछ।	
	ख	विद्यालय विकास प्रस्तावको प्रस्तुतीकरण	४		

६		नेतृत्व लिने क्षमता			
	क	जिल्ला शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख	५	अनुसूची–२ (६.१. बमोजिम)	
	ख	विद्यालय व्यवस्थापन समिति	५	छनोट समितिबाट अनुसूची–२ (६.२ बमोजिम)	
	ग	सम्बन्धित विद्यालयका स्थायी शिक्षकहरू	२	छनोट समितिबाट अनुसूची–२ (६.३ बमोजिम)	
		जम्मा	१००		
व्याख्या		• नेतृत्व लिने क्षमता बापत अङ्क प्रदान गर्दा समेत ८० प्रतिशतभन्दा बढी र ४० प्रतिशतभन्दा कम अङ्क दिनुपरेमा सोको पुष्ट्याईं समेत गर्नुपर्नेछ। • छनोट समितिले प्रधानाध्यापक पदका लागि शिक्षक सिफारिस गर्दा महिला, दलित र अपाङ्गता भएका उम्मेदवार र अन्य उम्मेदवारको अङ्क बराबर भएमा क्रमशः महिला, दलित र अपाङ्गता भएका उम्मेदवारलाई सिफारिस गर्नुपर्नेछ।			

(१०) प्रधानाध्यापक छनोट समितिः

(१)प्रधानाध्यापक छनोटका लागि देहाय बमोजिमको समिति रहनेछः

(क) सम्बन्धित विद्यालयको व्यवस्थापन समिति अध्यक्ष — संयोजक

(ख) शिक्षा शाखा प्रमुख — सदस्य

(ग) नगर प्रमुखबाट शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण बहालवाला वा अवकाशप्राप्त शिक्षा सेवाको उपसचिव, शिक्षाशास्त्र सङ्कायको उपप्राध्यापक, माध्यमिक तहको द्वितीय श्रेणीको शिक्षक) मध्येबाट मनोनीत कम्तीमा दश वर्षभन्दा बढी शिक्षा क्षेत्रमा अनुभव प्राप्त गरेको विज्ञ दुई जना — सदस्य

(घ) विद्यालयको वरिष्ठ स्थायी शिक्षक — सदस्य सचिव

(२) प्रधानाध्यापक छनोट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) नगरपालिकाले जारी गरेको सूचनाको अवधिमा दर्ता भएका निवेदनहरूको पूर्व योग्यताका आधारमा रुजु गरी उम्मेदवारी स्वीकृत वा अस्वीकृत भएको जानकारी उम्मेदवारलाई दिने।

(ख) उम्मेदवारहरूको अन्तर्वार्ता पूर्वको मूल्याङ्कनको समष्टिगत विवरण तयार गर्ने।

(ग) परीक्षा/अन्तर्वार्ता सञ्चालन गर्ने।

(घ) मूल्याङ्कनको सबै चरण समाप्त गरी समग्र योग्यताक्रमको तहगत रूपमा एकमुष्ट सूची तयार गर्ने।

(ङ) अन्तिम योग्यताक्रमको सूची नगर शिक्षा समिति समक्ष पेश गर्ने।

(च) योग्य उम्मेदवारको नाम सिफारिस गर्ने।

(छ) अन्य आवश्यक कार्यविधि तथा मापदण्ड तयार गर्ने।

(३) छनोट समितिको बैठक तथा सो सम्बन्धी अन्य कार्यविधि समिति आफैले तोके अनुसार हुनेछ।

(४) उपदफा (१) अनुसार मनोनीत सदस्यको पदावधि मनोनयनको मितिले एक वर्षको हुनेछ।

(५) समितिले बढी अङ्क प्राप्त गर्ने उम्मेदवारको नाम प्रधानाध्यापक नियुक्तिको लागी नगर शिक्षा समिति समक्ष सिफारिस गर्नेछ।

(६) समितिले बराबर अङ्क प्राप्त भएमा बढी सेवा अवधि भएको उम्मेदवारलाई प्राथमिकता दिनुपर्नेछ।

(७) छनोट समितिको सचिवालय नगरपालिकाले तोकेको स्थानमा हुनेछ।

११. विद्यालय विकास प्रस्ताव मूल्याङ्कन समिति

(१) विद्यालय विकास प्रस्ताव मूल्याङ्कन गर्नका लागि देहाय बमोजिमको समिति रहनेछ।

(क) प्रमुख प्रशासकीय अधिकृत — संयोजक

(ख) विद्यालय व्यवस्थापन समितिले तोकेको सोही समितिको सदस्य — सदस्य

(ग) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख — सदस्य सचिव

(२) विद्यालय विकास प्रस्ताव मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम

हुनेछः

(क) तोकिएको मापदण्डको आधारमा विद्यालय विकास प्रस्तावको मूल्याङ्कन गर्ने।

(ख) उम्मेदवारले प्राप्त गरेको अंकलाई प्रधानाध्यापक छनोट समितिलाई सिफारिस गर्ने।

(ग) प्रस्ताव मूल्याङ्कन गर्दा विद्यालयको वास्तविक समस्यामा आधारित रही व्यावहारिक समाधानसहितका प्रस्तावलाई प्राथमिकता दिने।

(१२) नगरपालिकाको काम, कर्तव्य र अधिकार

नगरपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रधानाध्यापक छनोटको लागि एक हप्ते सूचना प्रकाशन गर्ने।

(ख) तोकिएको अवधिभित्र प्राप्त दरखास्त दर्ता गर्ने।

(ग) प्रधानाध्यापक छनोटका मापदण्डको आधारमा आवश्यक मूल्याङ्कन ढाँचा विकास गर्ने।

(घ) यस कार्यविधिमा स्पष्ट व्यवस्था नभएका विषयहरुमा यस कार्यविधि बमोजिम गठित समितिलाई आवश्यक सहयोग, समन्वय, निर्देशन प्रदान गर्ने र समितका कामकारवाहीहरुको अनुगमन गरी पारदर्शिता र निष्पक्षता कायम गर्ने/गराउने।

(१३) कार्यसम्पादन करार

(१) प्रधानाध्यापकको लागि छनोट भएको उम्मेदवारसँग विद्यालय विकास प्रस्तावमा उल्लेख भएका सूचकहरू समयबद्ध रूपमा पूरा गर्ने गरी कार्यसम्पादन करार गरिनेछ।

(२) करारको अवधि पाँच वर्षको हुनेछ तर दफा ५ बमोजिम हुन बाधा पुग्नेछैन्।

(१४) नियुक्ति

अनुसूची—१ बमोजिम कार्यसम्पादन करार सम्पन्न भएपछि शाखा प्रमुखले सात दिनभित्र प्रधानाध्यापक पदमा नियुक्त गर्नेछ।

परिच्छेद—५
विविध

(१५) पदपुर्ति खर्च सम्बन्धी व्यवस्थाः पदपूर्ती गर्दा लाग्ने खर्चको मापदण्ड नगर प्रमुखको निर्णय

बमोजिम हुनेछ।

(१६) बाधा अड्काउ फुकाउने अधिकारः यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न आएमा र यसमा उल्लेख नभएका विषयहरूमा कुनै व्यवस्था गर्न आवश्यक परेमा कार्यपालिकाले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

(१७) व्याख्या गर्ने अधिकारः यस कार्यविधिको अन्तिम व्याख्या गर्ने अधिकार नगर कार्यपालिकालाई हुनेछ।

(१८) बचाउः यस कार्यविधिमा उल्लेख नभएका विषयहरूमा संघीय तथा प्रदेश शिक्षा ऐन र नियमावलीमा लेखिए बमोजिम हुनेछ।

अनुसूची—१

दफा ८ सँग सम्बन्धित हस्तलिखित निवेदनको ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू मितिः

सन्धिखर्क नगर कार्यपालिकाको कार्यालय, सन्धिखर्क—१, अर्घाखाँची।

विषयः प्रधानाध्यापक पदमा नियुक्ति सम्बन्धमा।

महोदय,

प्रस्तुत विषयमा सन्धिखर्क नगरपालिकाको मिति..... को विज्ञापन नं..... अनुसार विद्यालयको प्रधानाध्यापक पदमा नियुक्तिका लागि प्रकाशित सूचना अनुसार.....विद्यालयको प्रधानाध्यापक पदमा रहेर काम गर्न आवश्यक योग्यता तथा मापदण्ड पूरा गरेको हुँदा सन्धिखर्क नगरपालिका वडा नं.....स्थित.....विद्यालयमा प्रधानाध्यापक पदमा नियुक्तिका लागि यो दरखास्त पेश गरेको छु।

मैले नेपाल सरकार तथा स्थानीय तहबाट निर्धारण गरिएका कानुनी व्यवस्था, निर्देशन अनुसार सम्पूर्ण सरोकारवालाहरू लगायत विद्यालय व्यवस्थापन समिति, शिक्षक, कर्मचारीसँग समन्वय गरी विद्यार्थीको सिकाइ उपलब्धि सुधारमा प्रतिबद्ध भई विद्यालयको समग्र पक्षमा गुणात्मक सुधार ल्याउने प्रतिबद्धता व्यक्त गर्दछु।

संलग्न कागजातहरूः

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
(२) शैक्षिक योग्यताका प्रमाणपत्रहरूको प्रतिलिपि
(३) शिक्षक सेवा आयोगको नियुक्ति तथा बढुवा सम्बन्धी प्रमाणपत्र
(४) अध्यापन अनुमतिपत्र
(५) अध्यापन गरेको विषयमा प्राप्त नतिजा/ सिकाइ उपलब्धि खुल्ने प्रमाणित कागजातहरू
(६) तालिम तथा पेशागत विकास सम्बन्धी प्रमाणपत्र
(७) विद्यालय विकास प्रस्ताव
(८) अन्य आवश्यक कागजातहरू.....

प्रधानाध्यापक पदका लागि दरखास्त फारम

(१) उम्मेदवारको नाम :							
(२) स्थायी ठेगाना :							
(३) हाल कार्यरत विद्यालय :							
(४) तह :	(५) शिक्षक सेवा आयोगको नियुक्ति मिति :						
(६) सङ्केत नम्बर							
(७) शैक्षिक योग्यता :							
(८) सेवा अवधि :		वर्ष		महिना		दिन	
(९) तालिम :							
(७) सम्पर्क नम्बर :							
(८) उम्मेदवारको हस्ताक्षर							

अनुसूची–२

दफा ९ सँग सम्बन्धित)

प्रधानाध्यापक छनोट तथा सिफारिसका लागि मूल्याङ्कनको मापदण्ड

(१) शैक्षिक योग्यताको मूल्याङ्कन (२५ अङ्क)

(१) उम्मेदवारको शैक्षिक योग्यताको मूल्याङ्कन देहाय बमोजिम गरिनेछः–

(क) न्यूनतम शैक्षिक योग्यता वापत १५

(क) प्रथम श्रेणी भए १५ (पन्ध्र) अङ्क,

(ख) द्वितीय श्रेणी भए १३ (तेह्र) अङ्क,

(ग) तृतीय श्रेणी भए ११ (एघार) अङ्क प्रदान गरिनेछ।

(घ) श्रेणी नखुलेको भए द्वितीय श्रेणीको अङ्क प्रदान गरिनेछ।

(ख) माथिल्लो शैक्षिक योग्यता वापत १०

(क) प्रथम श्रेणी भए १० (दश) अङ्क,

(ख) द्वितीय श्रेणी भए ८ (आठ) अङ्क,

(ग) तृतीय श्रेणी भए ६ (छ) अङ्क प्रदान गरिनेछ।

(घ) श्रेणी नखुलेको भए द्वितीय श्रेणीको अङ्क प्रदान गरिनेछ।

(ङ) पुष्टयाईः माध्यमिक तहका प्रधानाध्यापक पदका लागि माथिल्लो शैक्षिक योग्यता भन्नाले एम.फिल) वा सो सरहको योग्यता, आधारभूत तहका प्रधानाध्यापक पदका लागि माथिल्लो शैक्षिक योग्यता भन्नाले स्नातकोत्तर वा सो सरहको योग्यता जनाउनेछ।

तर कम्तीमा दश वर्ष स्थायी सेवा गरेका शिक्षक उम्मेदवारको हकमा आधारभूत तहमा स्नातकको शैक्षिक योग्यता र माध्यमिक तहमा स्नातकोत्तरलाई माथिल्लो शैक्षिक योग्यताका रूपमा गणना गरी उपदफा (१) बमोजिम अङ्क प्रदान गरिनेछ।

(२) सेवा अनुभवको मूल्याङ्कन (२५ अङ्क)

(१)सम्बन्धित तहमा स्थायी नियुक्ति भई अध्यापन गरेको अनुभव वापत प्रति वर्ष प्रथम श्रेणीका लागि २.५ द्वितीय श्रेणीका लागि २ र तृतीय श्रेणीका लागि १.५ अङ्कका दरले बढीमा २५ अङ्क प्रदान गरिनेछ।

२) महिला उम्मेदवारको हकमा प्राप्त अनुभव अङ्कमा बीस प्रतिशत थप गरिनेछ। तर यसरी थप गरिएको अङ्क समेत गरी अधिकतम २५ अङ्कभन्दा बढी हुने छैन।

३) तालिमको मूल्याङ्कन (१२ अङ्क)

१) शैक्षिक तालिम बापत देहाय बमोजिम अङ्क प्रदान गरिनेछः-

यस प्रयोजनको लागि न्यूनतम १० महिनाको प्रमाणपत्रसहितको सेवाकालीन तालिम वा सम्बन्धित तहमा शिक्षक पदका लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता सरहको शिक्षाशास्त्र अध्ययन गरेकोलाई तालिम लिएको मानिनेः

क) प्रथम श्रेणी भए १० अङ्क,

ख) द्वितीय श्रेणी भए ८ अङ्क,

ग) तृतीय श्रेणी भए ६ अङ्क।

२) श्रेणी नखुलेको शैक्षिक तालिमलाई द्वितीय श्रेणी सरह मानी ८ अङ्क प्रदान गरिनेछ।

३) सम्बन्धित तहका लागि प्राप्त कुनै एक शैक्षिक तालिमलाई मात्र गणना गरिनेछ।

४) विद्यालय व्यवस्थापन वा प्रधानाध्यापक सम्बन्धी तालिम बापत २ अङ्क प्रदान गरिनेछ।

शिक्षा तालिम केन्द्रले सञ्चालन गरेको नेतृत्व विकास सम्बन्धी एक महिने प्रधानाध्यापक तालिम लिएको भए २ अङ्क प्रदान गरिनेछ।

४) विद्यार्थी उपलब्धिको मूल्याङ्कन (१२ अङ्क)

१) उम्मेदवारले अध्यापन गरेको विषयमा पछिल्ला तीन शैक्षिक सत्रको विद्यार्थी उपलब्धिको आधारमा प्रति शैक्षिक सत्र अधिकतम ४ अङ्कका दरले जम्मा १२ अङ्कसम्म प्रदान गरिनेछ।

२) विद्यार्थी उपलब्धिको अङ्क देहायको सूत्रका आधारमा निर्धारण गरिनेछः

$$\frac{\text{अध्यापन गरेको विषयको कक्षागत औसत उत्तीर्ण प्रतिशत}}{\text{सम्बन्धित विषयको सन्धिखर्क नगरपालिकाको औसत उत्तीर्ण प्रतिशत}} \times ४$$

३) यस दफाको प्रयोजनका लागि भौगोलिक इकाइको औसत उत्तीर्ण प्रतिशत ५० प्रतिशतभन्दा कम भए ५० प्रतिशतलाई आधार मानिनेछ।

४) अन्य विद्यालयबाट उम्मेदवार भएको अवस्थामा निजले अध्यापन गरेको विद्यालयको उपलब्धिका आधारमा मूल्याङ्कन गरिनेछ।

५) विद्यालय विकास प्रस्ताव (१४ अङ्क)

१) विद्यालय विकास प्रस्तावमा देहायका विषय समावेश भएको हुनुपर्नेछः- १०

क) विद्यालयको वर्तमान शैक्षिक, भौतिक तथा आर्थिक अवस्था- १

ख) अपेक्षित उपलब्धि तथा लक्ष्य प्राप्ति- १

ग) विद्यालयको विगत, वर्तमान अवस्था र अपेक्षित उपलब्धिबीचको अन्तर विश्लेषण- २

घ) स्रोत पहिचान र परिचालनसहितको कार्ययोजना- ३

ङ) विद्यालयको विगत, वर्तमान शैक्षिक अवस्था र लक्ष्य प्राप्तिमा आफू नेतृत्वमा हुनु र नहुनुको अन्तर विश्लेषणसहितको विश्वसनीय प्रतिवद्धता- १

च) विद्यालय व्यवस्थापनमा नवप्रवर्तन सम्बन्धी ज्ञान-२

२) विद्यालय विकास प्रस्तावको प्रस्तुतीकरण- ४

क) विद्यालय विकास प्रस्ताव वापत अधिकतम १० अङ्क तथा प्रस्तुतीकरण वापत अधिकतम ४ अङ्क प्रदान गरिनेछ।

ख) माथि जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालय विकास प्रस्तावको मूल्याङ्कन गर्दा ८० प्रतिशतभन्दा वढी वा ४० प्रतिशतभन्दा कम अङ्क प्रदान गरिएमा त्यसको स्पष्ट आधार र कारण अभिलेखमा उल्लेख गर्नुपर्नेछ।

६) नेतृत्व लिने क्षमता (१२ अङ्क)

विद्यालय व्यवस्थापन समिति र शिक्षा विकास समन्वय एकाई र सम्बन्धित विद्यालयका शिक्षकहरुले उम्मेदवारको नेतृत्व क्षमता बापत दिइएका आधारमा बढीमा (१२ अङ्क) प्रदान गर्न सक्नेछ।

६.१ नेतृत्व क्षमता मूल्याङ्कन फारम (विद्यालय व्यवस्थापन समितिले प्रदान गर्ने अङ्क ५)

क्र.सं.	मूल्याङ्कनका आधार	अति उत्तम १.२५	उत्तम १.०	मध्यम ०.७५	सामान्य ०.५०
१	समुदाय संगको सम्बन्ध				
२	आफ्नो विषयको नतिजा प्रतिको जवाफदेहिता				
३	विद्यालय, विद्यार्थी, शिक्षक, अभिभावक तथा सरोकारवाला संगको व्यवहार				
४	विद्यालय प्रतिको उत्तरदायित्व, प्रविधि प्रतिको चासो र प्रविधिको उपयोग				
जम्मा					

६.२ नेतृत्व क्षमता मूल्याङ्कन फारम प्रमुख शि. वि. स. ए. ले भर्ने (शिक्षा विकास तथा समन्वय एकाइले प्रदान गर्ने अङ्क ५)

क्र.सं.	मूल्याङ्कनका आधार	अति उत्तम १.२५	उत्तम १.०	मध्यम ०.७५	सामान्य ०.५०
१	शिक्षण पेशा प्रति निष्ठावान तथा लगनशील				
२	विद्यालयको शैक्षिक गुणस्तर प्रतिको समर्पण भाव				
३	विद्यार्थी, शिक्षक, सरोकारवालाहरुबीच प्रभावकारी सम्बन्ध स्थापना गर्न र समुदायलाई प्रभावकारी परिचालन गर्न सक्ने क्षमता				
४	उत्तरदायित्व, र पारदर्शिता सम्बन्धी व्यवहार				
जम्मा					

६.३ नेतृत्व क्षमता मूल्याङ्कन (सम्बन्धित विद्यालयका शिक्षकहरुले प्रदान गर्ने अङ्क २)

क्र.सं.	मूल्याङ्कनका आधार	अति उत्तम ०.५	उत्तम ०.४	मध्यम ०.३	सामान्य ०.२
१	शिक्षण पेशा प्रति निष्ठावान तथा लगनशील				
२	विद्यालयको शैक्षिक गुणस्तर प्रतिको समर्पण भाव				
३	विद्यार्थी, शिक्षक, सरोकारवालाहरुबीच प्रभावकारी सम्बन्ध स्थापना गर्न र समुदायलाई प्रभावकारी परिचालन गर्न सक्ने क्षमता				
४	उत्तरदायित्व, र पारदर्शिता सम्बन्धी व्यवहार				
जम्मा					

अनुसूची–३

दफा १३ सँग सम्बन्धित)

कार्यसम्पादन करारका प्रमुख बुँदा तथा सूचकहरू

(१) प्रचलित शिक्षा सम्बन्धी कानुन, शिक्षा नियमावली, कार्यविधि, नगरपालिकाबाट जारी नीति, निर्देशिका तथा निर्णयहरूको पूर्ण पालना गर्नुपर्नेछ।

(२) विद्यालय सुधार योजना SIP, वार्षिक कार्ययोजना, विद्यालय विकास प्रस्ताव, शैक्षिक कार्यक्रम तथा नगरपालिकाले निर्धारण गरेका सूचकहरूको प्रभावकारी कार्यान्वयन गर्नुपर्नेछ।

(३) विद्यालयको शैक्षिक, प्रशासनिक, आर्थिक तथा भौतिक व्यवस्थापनमा पारदर्शिता, सुशासन, मितव्ययिता र जवाफदेहिता कायम गर्नुपर्नेछ।

(४) शिक्षक तथा कर्मचारीको कार्यसम्पादन, विद्यार्थीको सिकाइ उपलब्धि, नियमित मूल्याङ्कन तथा विद्यालयको समग्र गुणस्तर सुधारमा प्रभावकारी नेतृत्व प्रदान गर्नुपर्नेछ।

(५) विद्यालयको आय–व्यय, जिन्सी, अभिलेख तथा सम्पूर्ण प्रशासनिक कार्य प्रचलित कानुनबमोजिम व्यवस्थित गरी आवश्यक विवरण तथा प्रतिवेदन समयमै नगरपालिकामा पेश गर्नुपर्नेछ।

(६) नगरपालिकासँग आवश्यक समन्वय कायम राखी शिक्षा शाखाबाट प्राप्त निर्देशन, निर्णय तथा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्नेछ।

(७) विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, अभिभावक तथा सरोकारवालासँग समन्वय र सहकार्य गरी विद्यालयको समग्र विकासमा सक्रिय भूमिका निर्वाह गर्नुपर्नेछ।

(८) कार्यसम्पादन करारमा उल्लेख भएका उद्देश्य, कार्यसूची, सूचक, शर्त तथा अपेक्षित नतिजाहरू प्रभावकारी रूपमा कार्यान्वयन गरी तोकिएको लक्ष्य हासिल गर्नुपर्नेछ।

(९) नियुक्तिसम्बन्धी अन्य शर्तहरू प्रचलित कानुन, नगरपालिकाको निर्णय तथा कार्यसम्पादन करार र सूचकको नतिजा बमोजिम लागू हुनेछन्।

<u>सूचकहरू:</u>

विद्यार्थी भर्ना दर	विद्यार्थी टिकाउ दर
कक्षा ८, एसईई तथा कक्षा १२ को वार्षिक परीक्षाको नतिजा	वित्तीय पारदर्शिता
शिक्षक उपस्थितिको अवस्था	शैक्षिक सुशासन
सूचना प्रविधिको प्रयोग	तथ्याङ्कमा शुद्धता र पारदर्शिता
अतिरिक्त क्रियाकलाप सञ्चालन	समुदाय सहभागिता र सम्बन्ध
विद्यालयको भौतिक सुधार	विद्यालय सुधार योजना कार्यान्वयन
विद्यालयको सुन्दरता	

अनुसूची–४

प्रधानाध्यापक पदमा नियुक्तिपत्रको ढाँचा

मितिः

श्री.....

सङ्केत नं.....

विषयः प्रधानाध्यापक पदमा नियुक्ति सम्बन्धमा।

महोदय,

विद्यमान शिक्षा ऐन, २०२८, शिक्षा नियमावली, २०५९, तथा सामुदायिक विद्यालयका प्रधानाध्यापक छनोट तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८३ तथा प्रचलित कानुन बमोजिम सम्पन्न प्रतिस्पर्धात्मक छनोट प्रक्रियाबाट तपाई प्रधानाध्यापक पदमा छनोट तथा सिफारिस हुनुभएकोले सन्धिखर्क नगर कार्यपालिकाको कार्यालय, मिति..... को निर्णयानुसार तपाईलाई श्री..... विद्यालय, सन्धिखर्क नगरपालिका वडा नं..... को प्रधानाध्यापक पदमा नियुक्ति गरिएको व्यहोरा जानकारी गराइन्छ।

तपाईले प्रधानाध्यापकको हैसियतले विद्यालयको शैक्षिक, प्रशासनिक तथा वित्तीय व्यवस्थापनलाई प्रभावकारी, पारदर्शी, उत्तरदायी तथा नतिजामुखी बनाउँदै विद्यालयको समग्र शैक्षिक गुणस्तर अभिवृद्धि, सुशासन, संस्थागत विकास तथा विद्यार्थी सिकाइ उपलब्धिमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुनेछ भन्ने विश्वास लिइएको छ।

प्रधानाध्यापक पदमा नियुक्त हुनुभएकोमा हार्दिक बधाई व्यक्त गर्दै सफल तथा उपलब्धिमूलक कार्यकालको शुभकामना व्यक्त गर्दछु। तपाईको अनुभव, नेतृत्व क्षमता तथा कार्यकुशलताबाट विद्यालयको शैक्षिक गुणस्तर, सुशासन तथा संस्थागत विकासमा उल्लेखनीय योगदान पुग्ने विश्वास लिएको छु।

.....

बोधार्थः

१। श्रीमान् नगर प्रमुखज्यू सन्धिखर्क नगरपालिका।

२। श्रीमान् उपप्रमुखज्यू सन्धिखर्क नगरपालिका।

३। श्री प्रमुख प्रशासकीय अधिकृत सन्धिखर्क नगरपालिका।

४। श्री शिक्षा विकास तथा समन्वय एकाइ, अर्घाखाँची।

५। श्री विद्यालय व्यवस्थापन समिति, विद्यालय।

६। श्री विद्यालय।

अनुसूची–५

दफा ५(२) सँग सम्बन्धित

वार्षिक मूल्याङ्कन सूचक

क्र सं।	मूल्याङ्कन सूचकका क्षेत्र	पूर्णाङ्क
१	विद्यालय सुधार योजना	१५
२	बजेट निर्माण र कार्यान्वयन	१०
३	विद्यालयको वार्षिक शैक्षिक कार्ययोजना	१०
४	तोकिएको समयमा सामाजिक परीक्षण र अन्तिम लेखा परीक्षण	१०
५	कक्षा ८, १० र १२ औसत सिकाइ उपलब्धि	२०
६	शिक्षणमा प्रविधिको प्रयोग	१०
७	विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीसँगको कार्यसम्पादन करार कार्यान्वयन	१०
८	विद्यालयमा जनचेतनामूलक कार्यक्रम	५
९	नियमानुसार विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन	१०
	जम्मा	१००

व्याख्या:

- विद्यालय सुधार योजना ५ वर्षे) निर्माण गरी कार्यान्वयनको चरणमा रहेको र स्थानीय तहमा अभिलेख दर्ता गराएमा - १५ अङ्क
- विद्यालयको वार्षिक बजेट निर्माण गरी विद्यालय व्यवस्थापन समितिबाट पारित गराई बजेट शीर्षक अनुसार खर्च गरेको भएमा १० अङ्क, स्वीकृत बजेटको १०% बजेट परिमार्जन गरेमा ९ र २०% सम्म परिमार्जित भएमा ८.५ र सोभन्दा माथि परिमार्जन भएमा ८ अङ्क)
- विद्यालयको वार्षिक शैक्षिक कार्ययोजना निर्माण गरी विद्यालय व्यवस्थापन समितिबाट स्विकृत गराई कार्यान्वयन गरेमा १० अङ्क

- कक्षा ८, १० र १२ को सिकाइ उपलब्धि ८०% भन्दा बढी भएमा २० अङ्क कुनै एक तहको ८०% माथि र १ वटाको ८०% भन्दा मा भएमा १८ अङ्क कुनै २ वटाको ८०% कम भएमा १६ अङ्क प्रदान गर्ने
- सञ्चालित तहमा ६०% देखि ८०% सम्म शैक्षिक उपलब्धि हासिल गरेमा अङ्क १८
- ४०-६०% सम्म औसत शैक्षिक उपलब्धि हासिल गरेमा १५ र ४०% सोभन्दा शैक्षिक उपलब्धि हासिल गरेमा -१२ अङ्क
- कानुन बमोजिम तोकिएको समयमा सामाजिक परीक्षण र लेखा परीक्षण गरी कानुनी प्रक्रिया पुऱ्याई नगर शिक्षा शाखामा अभिलेखीकरण गराएमा-१० अङ्क तोकिएको समयभन्दा पछि तर सोही आर्थिक वर्षमा सामाजिक परीक्षण र अन्तिम लेखा परीक्षण गराएमा -६ अङ्क
- कक्षा शिक्षणको क्रममा प्रति विषय कम्तीमा २० वटा कक्षामा प्रविधिको प्रयोग गरी शिक्षण गरेको सम्बन्धित विद्यालयका विषय शिक्षकले शिक्षण योजना प्रधानाध्यापक समक्ष प्रमाणित गराई सोको प्रमाण खुल्नेगरी रिपोर्टमा उल्लेख गरेमा-१० अङ्क, १० वटासम्म शिक्षण योजना बनाई प्रमाणित गराएमा ६ अङ्क -१० भन्दा कम शिक्षण योजना बनाई प्रमाणित गराएमा- ४ अङ्क
- विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको कार्यसम्पादन करार गराई सोको मूल्याङ्कन गरी पेश गरेमा -१० अङ्क
- विद्यालयमा विकृति, विद्यमान जनचेतनामूलक कार्यक्रम वा यस्तै अन्य ५ वटा कार्यक्रम गराई सोको प्रमाणित विवरण फोटो समेत संलग्न गरी रिपोर्टमा पेश गरेमा ५ अङ्क ३-५ सम्मको कार्यक्रमको लागि -३ अङ्क
- नियमानुसार विद्यालय व्यवस्थापन र शिक्षक अभिभावक संघ गठन गरी सोको विवरण नगर शिक्षा शाखामा बुझाएमा १० अङ्क विद्यालय व्यवस्थापन समितिको लागि ५ अङ्क शिक्षक अभिभावक संघको लागि -५ अङ्क